फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
१ नं. प्रदेश, (नेपाल)

प.सं.
च.नं.

मितिः २०७६/१२/२३

फिदिम नगरपालिका कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

प्रेस विज्ञप्ती

यहि २०७६/१२/२१ गतेका दिन वि एण्ड सि अस्पताल झापामा उपचारको क्रममा यस फिदिम नगरपालिका वडा नं. ५ का वडाध्यक्ष लिलाराज तुम्बापोको अल्पायुमा नै असमायिक निधन हुन गएको छ। वहाँको निधनबाट नगरपालिका परिवारले आफ्नो एक होनहार सदस्य गुमाएकोले यस दुःखद घडिमा शोकसन्तप्त, स्तब्ध र मर्माहत भएको छ। आज विहान ११ वजे नगरपालिका परिसरमा वहाँको सम्मानमा १ मिनेट मौनधारण, श्रद्धाञ्जलि पुस्तिकामा हस्ताक्षर र नगरप्रमुखबाट शोक मन्तव्य सहित एक श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा नगरप्रमुखले शोक मन्तव्य राख्दै नगरले एक उदीयमान, सुझबुझ भएको, सक्रिय, समाजसेवी, युवा राजनीतिज्ञ गुमाएको र यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित शोकाकुल परिवारजन तथा नगरपालिका परिवारलाई पिडा मुक्त हुन भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गर्ने आशा व्यक्त गर्नुभयो। साथै वहाँको सम्मानमा नगरपालिका र वडा कार्यालयहरू सहित नगरपालिका अन्तरर्गतका सार्वजनिक तथा निजी विद्यालयहरूमा आज एक दिन शोक विदाको निर्णय गरिएको छ।

फोन नं. ०२४-५२०१०७, ०२४-५२११०८, फ्याक्सः ०२५-५२१००८